(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ | संख्या : ५ | मिति: २०७९/०८/२१

## भाग-२

## विराटनगर महानगरपालिका

नगर कार्यपालिकाको स्वीकृतिबाट जारी

# "विराटनगर महानगरपालिका भू-उपयोग (पहिलो संशोधन) कार्यविधि, २०७९"

# विराटनगर महानगरपालिका भू-उपयोग (पहिलो संशोधन) कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०७/२९
प्रमाणिकरण मिति : २०७९/०८/२०

विराटनगर महानगरपालिका भू-उपयोग कार्यविधि, २०७७ लाई भू-उपयोग ऐन, २०७६ एवम् भू-उपयोग नियमावली, २०७९ बमोजिम संशोधन गर्न वाञ्छनीय भएकोले,
विराटनगर महानगरपालिका, नगर कार्यपालिकाले देहाय अनुसारको कार्यविधि बनाएको छ ।

**प्रस्तावना :**

विराटनगर महानगरपालिका भित्र खाद्य सम्प्रभुताको हकलाई सुनिश्चित गर्दै, कृषियोग्य जमिनको गैह्रकृषि क्षेत्रमा भइरहेको रुपान्तरणको वर्तमान परिस्थितिलाई ध्यानमा राखी खेतीयोग्य जमिनको संरक्षण गरी व्यवस्थित रुपमा बस्ती बसाउने, आवास क्षेत्रमा आधारभूत शहरी सेवा सहज रुपमा व्यवस्थापन गर्न, उत्पादनको स्रोतको रुपमा रहेको भूमिको अव्यवस्थित खण्डीकरणलाई रोक्न, जग्गा विकास, कित्ताकाट तथा प्लटिङ्गको कामलाई व्यवस्थित गर्न र जग्गाको प्लटिङ गरी जग्गा कारोबार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी तथा संस्थाका क्रियाकलापको नियमन र जग्गाको उचित व्यवस्थापन गर्न भू-उपयोग ऐन, २०७६ को दफा १८, १९, २० बाट प्रदत्त अधिकार तथा भू-उपयोग नियमावली, २०७९ बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम : "विराटनगर महानगरपालिका भू-उपयोग (पहिलो संशोधन) कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विराटनगर महानगरपालिका भू-उपयोग कार्यविधि, २०७७ को दफा ४ मा संशोधन :**

विराटनगर महानगरपालिका भू-उपयोग कार्यविधि, २०७७ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को उपदफा (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) को सट्टा देहायका उपदफाहरु राखिएको छ ।

(क) **गैह्रकृषि क्षेत्र :** भू-उपयोग परिषद्‌बाट स्वीकृत विराटनगर महानगरपालिकाको भू-उपयोग योजना बमोजिम अनुसूची १ मा गैह्रकृषि क्षेत्र भनी तोकिएको क्षेत्रलाई गैह्रकृषि क्षेत्र मानिनेछ ।

(ख) **कृषि क्षेत्र :** भू-उपयोग परिषद्बाट स्वीकृत विराटनगर महानगरपालिकाको भू-उपयोग योजना बमोजिम अनुसूची १ मा कृषि क्षेत्र भनी तोकिएको क्षेत्रलाई कृषि क्षेत्र मानिनेछ ।

(ग) अन्य क्षेत्रहरुको वर्गीकरणको हकमा भू-उपयोग नियमावली, २०७९ एवम् भू-उपयोग परिषद्बाट स्वीकृत भू-उपयोग योजना बमोजिम हुनेछ ।

**३. मूल कार्यविधिको दफा ५ मा संशोधन :**

(१) मूल कार्यविधिको दफा ५ को उपदफा (ख) हटाइएको छ ।

(२) मूल कार्यविधिको दफा ५ को उपदफा (छ) मा "५ धुर"को ठाउँमा "८ धुर" राखिएको छ।

(३) मूल कार्यविधिको दफा ५ को उपदफा (ज) मा "३ प्रतिशत"को ठाउँमा "५ प्रतिशत" राखिएको छ ।

(४) मूल कार्यविधिको दफा ५ बाट "द्रष्टव्य" खण्ड हटाइएको छ ।

(५) मूल कार्यविधिको दफा ५ मा उपदफा थप गरी "महानगरपालिकाले गैह्रकृषि क्षेत्र तोकेको क्षेत्रभित्र पाँच हजार वर्गमिटरमाथिको कित्ता भए पनि आवासीय क्षेत्रभित्रकै मापदण्डभित्र रहेर कित्ताकाट गरिनेछ" भन्ने राखिएको छ ।

## ४. मूल कार्यविधिको अनुसूची १ मा संशोधन :

### अनुसूची १

| सि.नं. | वडा नं. | गैह्रकृषि क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|
| १ | १ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| २ | २ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| ३ | ३ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| ४ | ४ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| ५ | ५ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| ६ | ६ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| ७ | ७ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| ८ | ८ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| ९ | ९ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| १० | १० | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| ११ | ११ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| १२ | १२ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| १३ | १३ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| १४ | १४ | जतुवा रेलवेदेखि पूर्व १५० मिटरसम्मको क्षेत्र | जतुवा रेलवेदेखि पूर्व १५० मिटर छोडेर सिंघिया खोलासम्मको क्षेत्र |
| | १४ | गुरुकुल मा.वि.देखि पूर्व रेलवेपूर्व जाने, सिंघिया खोलासम्म जाने बाटोको दायाँबायाँ १५० मिटरसम्मको क्षेत्र | गुरुकुल मा.वि.देखि पूर्व रेलवेपूर्व जाने, सिंघिया खोलासम्म जाने बाटोको दायाँबायाँ १५० मिटर छोडेर बाँकि क्षेत्र |
| | १४ | वैरवना लक्ष्मी यादवको घरपूर्व रिङरोडको दायाँ १०० मिटर र बायाँ २०० मिटरसम्मको क्षेत्र | वैरवना लक्ष्मी यादवको घरपूर्व रिङरोडको दायाँ १०० मिटर र बायाँ २०० मिटर छोडेर बाँकि क्षेत्र |
| | १४ | कठकुप्पादेखि रिसोर्ट जाने बाटोको दायाँबायाँ १०० मिटरको क्षेत्र | कठकुप्पादेखि रिसोर्ट जाने बाटोको दायाँबायाँ १०० मिटर बाहेकको क्षेत्र |
| | १४ | विराटनगर १४, १८ र जहदा गाउँपालिकाको सिमाना बाटो भ्रुटियाही विष्णु आधारभूत विद्यालयदुखि पूर्व सिंघिया खोला जाने बाटोको १०० मिटर बायाँको क्षेत्र; भ्रुटियाही बस्तीको २०० मिटरको क्षेत्र समेत | विराटनगर १४, १८ र जहदा गाउँपालिकाको सिमाना बाटो भ्रुटियाही विष्णु आधारभूत विद्यालयदुखि पूर्व सिंघिया खोला जाने बाटोको बायाँको १०० मिटर छोडी बाँकि क्षेत्र; भ्रुटियाही बस्तीको २०० मिटर बाहेकको क्षेत्र समेत |
| | १४ | विष्णु टोलको १०० मिटर भित्रको पश्चिम दक्षिण क्षेत्र | विष्णु टोलको पश्चिम दक्षिण १०० मिटर बाहेकको क्षेत्र |

| सि.नं. | वडा नं. | गैह्रकृषि क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|
| १४ | १४ | धर्मबाँध रोड रेलवे क्रसदेखि पश्चिम उत्तर २०० मिटर भित्रको क्षेत्र | धर्मबाँध रोड रेलवे क्रसदेखि पश्चिम उत्तर २०० मिटर बाहेकको क्षेत्र |
| | १४ | रिङरोड शिव टोलदेखि उत्तर २०० मिटरसम्मको क्षेत्र | रिङरोड शिव टोलदेखि उत्तर २०० मिटर छोडेर बाँकि क्षेत्र |
| | १४ | स्नातकोत्तर क्याम्पस पूर्व जाने बाटो दक्षिण ३० फिटे बाटोको पूर्व पश्चिम २०० मिटरभित्रको क्षेत्र | स्नातकोत्तर क्याम्पस पूर्व जाने बाटो दक्षिण ३० फिटे बाटोको पूर्व पश्चिम २०० मिटर बाहेकको क्षेत्र |
| | १४ | हंसमुखी घोघा टोल पश्चिम सानो नहरसम्म | |
| | १४ | वडा नं. १४ को उल्लिखित तोकिएको क्षेत्रबाहेकका सम्पूर्ण बाँकि क्षेत्र | |
| १५ | १५ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| १६ | १६ | साविक बखरी १(ख) र २(ख) अन्तर्गत पर्ने अमृत मार्गदेखि पूर्वतर्फको सम्पूर्ण क्षेत्र; बर्मा टोल, विराटनगर जुट मिल क्षेत्र दक्षिण गेट  सम्पूर्ण क्षेत्र | साविक बखरी १(क) र २(क) अन्तर्गत पर्ने अमृत मार्गदेखि पश्चिमतर्फको सम्पूर्ण क्षेत्र |
| १७ | १७ | वडाको सम्पूर्ण क्षेत्र | छैन |
| १८ | १८ | साविक बुधनगर गा.वि.स. वडा नं. १, ३, ४ र ५, हाल विराटनगर महानगरपालिका वडा नं. १८, लाई जोड्ने तथा वडाभित्रका सम्पूर्ण पिच, ग्राभेल, कच्ची, नहर र छहर बाटोसँग जोडिएका १०० मिटरसम्मका क्षेत्र | साविक बुधनगर गा.वि.स. वडा नं. १, ३, ४ र ५, हाल विराटनगर महानगरपालिका वडा नं. १८, लाई जोड्ने तथा वडाभित्रका सम्पूर्ण पिच, ग्राभेल, कच्ची, नहर र छहर बाटोसँग जोडिएका १०० मिटर छोडेर बाँकि क्षेत्र |
| १९ | १९ | वडाको सम्पूर्ण क्षेत्र | छैन |

**आज्ञाले,**

**विष्णु प्रसाद कोइराला**

**(प्रमुख प्रशासकीय अधिकृत)**